मिति : २०८२/०६/०४, कापी बैठक संख्याः ०५-०८२/८३

## बैठक नं. ५

आज मिति २०८२ साल आश्विन ४ गते शनिबार (ने.सं. ११४५, ञंलागा, चतुर्दशी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ११:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १७ | | श्री राम प्रसाद अधिकारी | स.कृषि अर्थ अधिकृत |
| १८ | | श्री नगेन्द्र मल्ल | स. कम्प्युटर अधिकृत |
| १९ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| २० | | श्री बिनु तरामु | कार्यालय सहयोगी |

मिति : २०८२/०६/०४ का.पा बैठक संख्या: ०५-०८२/८३

प्रस्तावहरु

५.१ लागत अनुमान स्वीकृती तथा स्रोत सुनिश्चितता सम्बन्धमा,

५.२ मस्यौदा समिति गठन सम्बन्धमा,

५.३ विविध,

निर्णयहरू

५.१. लागत अनुमान स्वीकृती तथा स्रोत सुनिश्चितता सम्बन्धमा,

क. मोहनको टंकी देखि लुम्बिनी जोड्ने सडक कालोपत्रे योजनाका लागि रू ८०,०१,०००/- विनियोजन भएको उक्त योजना निर्मित सडक सरह हुने गरी सम्पन्न गर्नका लागि रू.९४,२४,२४१.४०/- बराबरको पूर्वाधार विकास शाखाबाट लागत अनुमान पेश भई आएको

प्रतिस्पर्धा पश्चात सम्झौताका बखत उक्त रकममा अपुग हुन आएमा उक्त रकमलाई गाउँसभाको हिउँदे सभाबाट रकम व्यवस्थापन गर्ने गरी स्रोत सुनिश्चितता सहित लागत अनुमान स्वीकृत गरी ठेक्का प्रक्रिया आव्हान गर्न निर्देशन दिने ।

ख. चालु आ.व. मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरीद (शशर्त अनुदान चालु) शिर्षकका लागि रू ११ लाख ८७ हजार विनियोजन भएकोमा उक्त औषधि खरीदका लागि करिब रू. २३ लाख २६ हजार २ सय २४ रूपैया रकम बराबरको स्वास्थ्य शाखाबाट लागत अनुमान पेश भई आएको

विगतका वर्षहरूमा विद्युतीय ठेक्का प्रक्रियाबाट औषधि खरीद गर्दा लागत मूल्यको करिब बढीमा ५० देखि ६० प्रतिशत सम्म कम कबोल गरी औषधि खरीद भएको हुँदा नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने मौलिक अधिकारको प्रत्याभूति दिलाउन अत्यावश्यक औषधि खरीदका लागि एकमुष्ट रूपमा लागत अनुमान तयार गरी औषधिको आपुर्तिलाई नियमित र व्यवस्थित गर्न विद्युतीय ठेक्का प्रक्रियामा जानु पर्ने भएको हुँदा प्रतिस्पर्धा पश्चात सम्झौताका बखत उक्त रकममा अपुग हुन आएमा अपुग रकमलाई गाउँसभाको हिउँदे सभाबाट रकम व्यवस्थापन गर्ने गरी स्रोत सुनिश्चितता सहित उपरोक्त कार्यक्रमका लागि लागत अनुमान स्वीकृत गरी ठेक्का प्रक्रिया आव्हान गर्न निर्देशन दिने ।

५.२. मस्यौदा समिति गठन सम्बन्धमा,

आ.व. २०८२/८३ मा कृषि विकास तर्फ वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ र तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गत कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८२ को निर्माणका लागि देहाय बमोजिमको मस्यौदा समिति गठन गर्ने -

| | |
|---|---|
| क. श्री केशर बहादुर खत्री (आर्थिक विकास समिति संयोजक) | - संयोजक |
| ख. श्री गिरीराज अर्याल (प्रशासन शाखा प्रमुख) | - सदस्य |
| ग. श्री राम प्रसाद अधिकारी (स.कृषि अर्थ अधिकृत) | - सदस्य |
| घ. श्री नगेन्द्र मल्ल (स.कम्प्युटर अधिकृत) | - सदस्य |
| ङ. श्री मगरेपाल गडरिया (कृषि विकास शाखा प्रमुख) | - सदस्य-सचिव |

समितिले आवश्यकताका आधारमा अन्य व्यक्तिहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमाणित गर्दै
माधव प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा. पा. अध्यक्ष

५.३. विविध,

क. Gen-Z आन्दोलनका क्रममा मिति २०८२/०५/२४ गते कञ्चन गाउँपालिकामा भएको आन्दोलनका क्रममा गाउँपालिका अन्तर्गतका वडा कार्यालय र गाउँपालिकामा भएको तोडफोड गरी क्षति पुऱ्याउने कार्यमा संलग्न कर्मचारी तथा शिक्षकहरूको पहिचान गरी के-कति कारणले उक्त घटना घटन गएको हो ? सो सम्बन्धमा तथ्य र प्रमाणका आधारमा शिक्षकहरूको हकमा शिक्षा शाखा प्रमुखले र अन्य कर्मचारीहरूको हकमा प्रमुख प्रशासकीय अधिकृतले स्पष्टीकरण पेश गर्नका लागि मनासिव मौका दिने।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट पाचौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष